# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, .साउन २६ गते २०६० साल (संख्या १८

## भाग ३

### श्री ५ को सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ५१ संख्या ३१, मिति २०५८।८।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम कम्पनी ऐन, २०५३ को दफा १३४ को प्रयोजनको लागि गठित कम्पनी बोर्डको सदस्यहरू र मुकाम यथावत रहने गरी रिक्त अध्यक्ष पदमा श्री पद्मकुमार आचार्यलाई नियुक्ति गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास समितिले कीर्तिपुर जग्गा एकीकरण आयोजना अन्तर्गत कीर्तिपुर नगरपालिका वडा नं. ९, १७ र १८ साविक विष्णुदेवी गा.वि.स. वडा नं. ३ र बाहिरी गाउँ गा.वि.स. वडा नं. ३ र ५(क) को तपसिलको चार किल्लाभित्र रहेको जग्गाको विभिन्न कित्ताहरुलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरु साविककै जग्गाधनी एवं मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम सञ्चालन गर्न सो को योजना श्री ५ को सरकारबाट मिति २०६०।२।२९ मा स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ।

पूर्व :- पाँगा मा.वि. बाट बसपार्क जाने कच्ची सडक
पश्चिम :- कीर्तिपुर नयाँ बजारबाट पाँगा जाने पक्की सडक
उत्तर :- कीर्तिपुर नयाँ बजारबाट भाजगांल जाने ग्रावेल सडक
दक्षिण :- पाँगा मा.वि. को उत्तरतर्फ स्नो लायन कार्पेट फ्याक्ट्री।

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८४

# भाग ४

## संसद सचिवालयको सूचना

### सूचना-१

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ :

| क.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | उपसचिव श्री तोयनाथ भट्टराई |
| २. | उपसचिव श्री ठाकुरप्रसाद बराल |
| ३. | उपसचिव श्री बलदेव खड्का |
| ४. | उपसचिव श्री रामशरण घिमिरे |
| ५. | उपसचिव श्री मुकुन्दप्रसाद शर्मा |
| ६. | उपसचिव श्री सोमबहादुर थापा |
| ७. | उपसचिव श्री हिमलाल सुवेदी |
| ८. | उपसचिव श्री विनोदकुमार अधिकारी |
| ९. | उपसचिव श्री जयनारायण नेपाल |
| १०. | उपसचिव श्री वीरेन्द्रबहादुर कार्की |
| ११. | उपसचिव श्री लवप्रसाद गौतम |
| १२. | उपसचिव श्री धनबहादुर श्रेष्ठ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-२

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यसै सचिवालयमा पदस्थापना गरिएको छ :

| क.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | शाखा अधिकृत श्री कृष्णहरि खड्का |
| २. | शाखा अधिकृत श्री ध्रुवप्रसाद घिमिरे |
| ३. | शाखा अधिकृत श्री तेजबहादुर थापा क्षेत्री |
| ४. | शाखा अधिकृत श्री शान्तकुमार तुलाधर |
| ५. | शाखा अधिकृत श्री केदारबहादुर थापा |
| ६. | शाखा अधिकृत श्री जीवराज बुढाथोकी |
| ७. | शाखा अधिकृत श्री सुदर्शन खड्का |
| ८. | शाखा अधिकृत श्री मुरारी महत |
| ९. | शाखा अधिकृत श्री रघुनाथ शर्मा आचार्य |
| १०. | शाखा अधिकृत श्री केशवप्रसाद आचार्य |
| ११. | शाखा अधिकृत श्री आनन्दप्रसाद अधिकारी |
| १२. | शाखा अधिकृत श्री शेरलाल श्रेष्ठ |
| १३. | शाखा अधिकृत श्री हिराकाजी तण्डुकार |
| १४. | शाखा अधिकृत श्री मदन बहादुर ठकुरी |

सूचना-३

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, प्राविधिक समूहका राजपत्राङ्कित तृतीय श्रेणीका प्राविधिक अधिकृत श्री रुद्रबहादुर के.सी.लाई सोही सेवा, समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्राविधिक अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-४

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, शिक्षा तथा मुद्रण समूहका राजपत्राङ्कित तृतीय श्रेणीका मुद्रण अधिकृत श्री पुष्पमुनी बज्राचार्यलाई सोही सेवा, समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख मुद्रण अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ।

सूचना-५

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ :

| क्र.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | ना.सु. श्री मणिराम खनाल |
| २. | टा.ना.सु. श्री बालकृष्ण सुवाल |
| ३. | टा.ना.सु. श्री मुकुन्दप्रसाद खनाल |
| ४. | टा.ना.सु. श्री विष्णु गिरी |
| ५. | ना.सु. श्री गोपालनाथ लाखे |
| ६. | टा.ना.सु. श्री हृदय राम महर्जन |
| ७. | टा.ना.सु. श्री सुरज कुमार दुरा |
| ८. | ना.सु. श्री वंशीराज पौडेल |
| ९. | टा.ना.सु. श्रीमती शान्ता आचार्य |
| १०. | टा.ना.सु. श्री रत्नबहादुर मानन्धर |
| ११. | ना.सु. श्री घनिन्द्रराज चिमौरिया |
| १२. | टा.ना.सु. श्री कृष्णप्रसाद भट्टराई |
| १३. | ना.सु. श्रीमती भवानी घिमिरे |
| १४. | टा.ना.सु. श्री मनोजकुमार गिरी |
| १५. | टा.ना.सु. श्री नेमराज शाक्य |
| १६. | ना.सु. श्री महेश्वरलाल श्रेष्ठ |
| १७. | ना.सु. श्री सुदर्शन कुइकेल |
| १८. | ना.सु. श्री चिरीकाजी महर्जन |
| १९. | ना.सु. श्री अम्बिका खड्का |
| २०. | टा.ना.सु. श्री नरमान महर्जन |
| २१. | टा.ना.सु. श्रीमती इन्द्रिरा राजभण्डारी (श्रेष्ठ) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-६

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, कम्प्युटर समूहका राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको कम्प्यूटर अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसारसोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ :

| क्र.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | कम्प्यूटर अपरेटर श्री प्रदिपकुमार नेपाल |
| २. | कम्प्यूटर अपरेटर सुश्री कमला शाक्य |
| ३. | कम्प्यूटर अपरेटर श्रीमती पुष्पा संग्रौला |
| ४. | कम्प्यूटर अपरेटर श्री जयराम घिमिरे |
| ५. | कम्प्यूटर अपरेटर श्री विमलराज जोशी |

सूचना-७

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, प्राविधिक समूहका राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ :

| क्र.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | प्रा.स. (ईलेक्ट्री.) श्री दिल देसार |
| २. | प्रा.स. (ईलेक्ट्रो.) श्री गगनलाल जोशी |
| ३. | प्रा.स. (ज.मे.) श्री श्यामकृष्ण चित्रकार |
| ४. | ओभरसियर श्री कृष्णकुमार प्रधान |
| ५. | प्रा.स. (ईलेक्ट्रो.) श्री विशेश्वरप्रसाद यादव |
| ६. | टेप संचालक श्री उद्धवप्रसाद गौतम |
| ७. | टेप संचालक श्री रामगोपाल रंजितकार |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८

सूचना-८

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/३/१९ को निर्णयानुसार नेपाल संसद सेवा, शिक्षा तथा मुद्रण समूहका राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरुलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको मुद्रण अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार सोही मितिदेखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ :

| क.सं. | साविक पद र नाम, थर |
|---|---|
| १. | सि.प्रे.टे. श्री रामबहादुर डंगोल |
| २. | सि.प्रे.टे. श्री रमेशराज शर्मा |
| ३. | सि.प्रे.टे. श्री दामोदर शर्मा ढुंगेल |
| ४. | सि.प्रे.टे. श्री बाबुराजा महर्जन |
| ५. | सि.प्रे.टे. श्री जगदीश्वरलाल श्रेष्ठ |
| ६. | सि.प्रे.टे. श्री प्रेमलाल तण्डुकार |
| ७. | सि.प्रे.टे. श्री गोपालमान अमात्य |
| ८. | सि.प्रे.टे. श्री सागर कुमार तुलाधर |

सूचना-९

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/६/३ को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित प्रथम श्रेणीका ना.सु. श्री रामकृष्ण श्रेष्ठलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार मिति २०५९/५/७ देखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ ।

सूचना-१०

सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९/६/३ को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित प्रथम श्रेणीका ना.सु. श्री चिरीकाजी महर्जनलाई सोही सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ९० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ अनुसार मिति २०५९/५/१० देखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस सचिवालयमा पदस्थापना गरिएको छ ।

आज्ञाले,

**सूर्य किरण गुरुङ्ग**

**संसदको महासचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०६०।४।१९ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको उपाध्यक्षमा श्री उदय नेपाली श्रेष्ठलाई ५ वर्षको लागि नियुक्ति गरिएको छ ।

आज्ञाले,

भेषराज शर्मा

श्री ५ को सरकारको निमित्त सचिव



मुद्रकः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार